# नागरिक सचेतना केन्द्रद्धारा सिफारीस गरिएका गरीवि न्यूनीकरणमा टेवा पुर्‍याउन सामुदायिक पूर्वाधार विकास अनुदान सम्वन्धि मार्गदर्शन

(Guidelines for CAC Referred Community Infrastructure Grant: Contributing for Poverty Reduction)

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत सञ्चालित स्थानीय शासन तथा समुदायिक विकास कार्यक्रमबाट गठन गरिएका तथा यससंग आवद्ध नागरिक सचेतना केन्द्र ( नासके) द्धारा सिफारिस गरिएका जिविकोपार्जनसँग सम्वन्धित साना सामुदायिक पूर्वाधार विकास कार्यक्रमकोलागि यो मार्गदर्शन तयार गरिएको छ । यस अन्तर्गतको अनुदान रकमको उपयोग र व्यवस्थापन गर्न विकास साझेदारहरुसँग भएको समझदारी अनुसार स्थानीय तहमा गठन भएका नागरिक सचेतना केन्द्र मार्फत संचालन हुने, गरीवि घटाउन टेवा पुऱ्याउन सहयोग गर्ने साना सामुदायिक पूर्वाधार विकासको कार्यक्रमलाई व्यवस्थित गर्न यसले मार्गदर्शन गर्ने छ । यस मार्गदर्शनमा निम्नानुसारका बुँदाहरु समावेस गरिएको छ ।

१. योजना छनौट विधि
२. योजना छनौट परिधि
३. बजेट र निकाशा प्रक्रिया
४. योजना संचालन
५. भुक्तानी प्रक्रिया
६. भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन
७. अनुगमन एवं मूल्याँकन
८. सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई
९. दीगोपनाकालागि योजना व्यवस्थापन तथा हस्तान्तरण

## १. योजना छनौट विधि

१.१ नागरिक सचेतना केन्द्रले आफ्ना सदस्यहरुको जिविकोपार्जन तथा आर्थिक विकाससंग सम्वन्धित स्थानीय आवश्यकता, उपयोगिता, बजारको मागको अवस्था र दिगोपनमा आधारित भै सर्वसम्मतिबाट योजना छनौट गर्नुपर्ने छ । यस्ता योजनाको लागत अनुमान र समयबद्ध कार्य योजना संलग्न गरी वडा नागरिक मञ्च मार्फत गाउँ विकास समिति ( गाविस) र महा/उपमहा/नगरपालिका (नपा) को वडा परिषद वा बैठकबाट सिफारिस गराई जिविस वा नपामा पेश गर्नु पर्ने छ । तर चालु आ.व. २०७१।७२ को हकमा यदि कुनै गाविस वा नपाको परिषद सम्पन्न भईसकेको अवस्था भएमा त्यस्ता गाविस/नपाहरुले नागरिक सचेतना केन्द्रबाट माग भई आएका योजनाहरुलाई सम्वन्धित गाविस/नापाको वोर्डबाट पारित गर्नु पर्ने छ ।

१.२ योजना तथा कार्यक्रमको छनौट भै सकेपछि सो को लागत अनुमान र समयवद्ध कार्य योजना समेत संलग्न गरी सामाजिक परिचालक मार्फत गाविस र महा/उपमहा/ नगरपालिकाका वडा कार्यालयमा कार्यान्वयन प्रक्रिया अघि बढाउनकालागि पेश गर्नुपर्ने छ ।

  - कम्पोष्टिङकालागिग आवश्यक पूर्वाधार निर्माण, गोठ सुधार
- कृषि तथा पशुजन्य उत्पादन बढाउने कार्यक्रमहरु जस्तै
  - थोपा सिचाईं, सिँचाईकालागि प्लाष्टिक पोखरीको निर्माण, स्प्रिङकल सिचाई तथा पाईप सिंचाई, मोटर सहितको वोरीङ सिचाईं, सौर्य उर्जावाट संचालन गरिने बोरिङ सिचाई, कुलो मर्मत तथा निर्माण आदि ,
  - तरकारी संकलन केन्द्रहरुको निर्माण,
  - दुध संकलन केन्द्र ,
  - बंगुर तथा बाखा पालनकालागि आधुनिक खोर निर्माण,
  - मौरी पालन प्याकेज तथा आधुनिक घार निर्माण, मह प्रशोधन कार्य
  - लव्सी तथा चीउरी जस्ता वहु उपयोगी फलफूलजन्य वस्तुहरुको उत्पादन, शंकलन तथा प्रशोधन केन्द्रको निर्माण
- परम्परागत सीप र पेशासंग सम्वन्धित कार्यलाई आधुनीकीकरण गर्न आवश्यक पर्ने प्रविधि र पूर्वाधारहरुको निर्माण ।

२.२ प्रस्तावित योजनाहरुकोलागि अनुदान स्वरुप रु ३ लाख १५ हजार उपलब्ध गराईने छ। सो रकममा लागत साझेदारी गरी वा सम्बन्धित स्थानीय निकायको श्रोतबाट थप रकम उपलब्ध हुनसक्ने भए सो समेतको रकम अनुसारको कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्ने छ।

२.३ छनौट भएका आयोजना तथा कार्यक्रमहरुको कार्यादेश सम्वन्धित गाविस तथा नगरपालिका मार्फत नागरिक सचेतना केन्द्रलाई तुरुन्त पठाईने छ।

**३. बजेट र निकाशा प्रक्रिया**

३.१ यस अनुदान अन्तर्गतको रकमको अख्तियारी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सम्वन्धित गाविस र महा/उपमहा/नगरपालिका पठाउने छ।

३.२ चालु आर्थिक बर्षकालागि योजना प्रस्ताव फाल्गुण १५ गते सम्म क्षेत्रीय समन्वय ईकाईमा आई पुगिसक्नुपर्ने छ।

३.३ बजेट रकमको निकाशा गाविसको हकमा जिविस मार्फत र नगरपालिकाको हकमा सिधै नगरपालिकामा उपलब्ध हुने छ।

**४. योजना संचालन**

नागरिक सचेतना केन्द्रको व्यवस्थापन समितिले उपभोक्ता समितिको रुपमा काम गर्ने छ र यस अतिरिक्त सदस्यहरुमध्यबाट अन्य ५ जनाको अनुगमन समिति गठन गरी नासकेको जिम्वेवारीमा योजना कार्यान्वयन गर्नुपर्ने छ। नासकेको आफ्नै तथा अन्य स्रोतबाट समेत रकम थप गरी आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न प्रोत्साहन गरिने छ। योजनाको प्राविधिक जाँचपास गराउने जिम्मा गाविस र नगरपालिकाको हुने छ। कार्य सम्पन्न भए पश्चात निर्मित सँरचनाको नियमित मर्मत सम्भार र सञ्चालनको जिम्मा नासकेमा रहने छ। यस शिर्षक अन्तर्गत प्राप्त हुने आयोजना कार्यान्वयन तथा संचालनकालागि स्थानीय निकायहरुले प्राविधिक सहयोग पुऱ्याउनु पर्ने छ। सामाजिक परिचालकले आयोजना कार्यान्वयन तथा संचालन गर्न नियमित रुपमा आवश्यक सहयोग

व्यक्ति वा समुहबाट सरकारी बाँकि सरह अशुल उपर गरिने छ । अनुगमन सुझाव पुस्तिका राखी अनुगमनका क्रममा प्राप्त उपयुक्त सुझाव बमोजिम कार्यान्वयन पक्षमा सुधार गर्नुपर्ने छ ।

## ८. सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई

कार्यक्रम वा आयोजना सुरु हुनु अगावै महत्वपूर्ण विवरण खुल्ने गरी होर्डिङ बोर्ड सार्वजनिक स्थानमा झुण्याउनु पर्नेछ । कार्यक्रम वा आयोजनाको प्रचलित नियमानुसार आवश्यक प्रकृयाबाट सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सम्पन्न गर्नुपर्ने छ । खर्च र प्रगतिको हिसाव किताव हरेक महिनामा नासकेको बैठकमा लिखितरुपमा सार्वजनिक गर्नुपर्ने छ ।

## ९. दीगोपनाकालागि योजना व्यवस्थापन तथा हस्तान्तरण

९.१ आयोजना सम्पन्न भए पश्चात निर्मित संरचनाको नियमित मर्मत सम्भार र संचालनको जिम्मा नागरिक सचेतना केन्द्रमा रहने छ । स्थानीय निकायबाट मर्मत सम्भार तथा संचालन योजना तयार गरी सो अनुरुप आयोजनाको नासकेसंग सम्वन्धित समुदायलाई हस्तान्तरण गर्नु पर्ने छ ।

९.२ सम्वन्धित स्थानीय निकायले आफ्नो क्षेत्र भित्र संचालित कार्यक्रम तथा आयोजनाको लागत विवरण, लाभान्वित परिवार र त्यसवाट विपन्न वर्गमा परेको प्रभावको अभिलेख राख्नु पर्ने छ ।

**१०. यसमा लेखिए देखि बाहेकका अन्य कुराहरु स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम हुनेछन् ।**